Sharada Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 3102-0658

# ऋतुविचार खण्डकाव्यमा वक्रोक्ति

हरिप्रसाद खतिवडा
सहप्राध्यापक
शारदा विद्यापीठ, महेन्द्रनगर
Gmail: hariprasadkhatiwada1@gmail.com

**लेखसार**

प्रस्तुत शोधलेख कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित ऋतुविचार खण्डकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रतामा केन्द्रित रहेको छ । ऋतुविचार खण्डकाव्य ६०६ श्लोकमा संरचना गरिएको मझौला आकारको प्रसिद्ध कृति हो । यो काव्य पात्रका जीवनको एक खण्डलाई आधार मानेर सृजना गरिएको नभई एक वर्षको समयावधिलाई आधार मानिएको छ । यसको विषयवस्तु शृङ्खलाबद्ध नभई एक अर्का श्लोकमा समन्वय नभएको हुँदा यसलाई कोषकाव्यको संज्ञा दिएको पाइन्छ । यस काव्यलाई वक्रोक्तिका प्रमुख छ भेदहरूमध्ये वर्णविन्यास वक्रताका आधारमा अध्ययन गरिएको छ । वर्णविन्यास वक्रताका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगीस्पर्शवर्ण वक्रता, तलनादिद्वित्ववर्ण वक्रता, रकारादिसंयुक्तवर्ण वक्रता र यमक तथा यमकाभास वक्रता आधारमा विश्लेषण गरिएको छ । एउटा वर्ण पुनरावृत्ति भएर चमत्कार सृजना गर्ने एकवर्णविन्यास वक्रता हो भने दुईवटा वर्णको पुनरावृत्तिबाट उत्पन्न चमत्कार द्विवर्णविन्यास वक्रता हो । त्यसैगरी तीनवटा वर्ण पुनरावृत्ति भई चारुता सृजना गर्ने बहुवर्णविन्यास वक्रता हो । यी तीनै प्रकारका व्यवधान र अव्यवधान गरी उपभेद रहेका पाइन्छन् । व्यवधानबिना पुनरावृत्ति भएमा व्यवधानरहित र व्यवधान भएर उत्पन्न चमत्कारलाई व्यवधानयुक्त भनिन्छ । त्यसैगरी संयुक्त वर्णहरूको योग भई चमत्कार सृजना भएमा वर्गान्तयोगी भनिन्छ भने त, ल, न वर्णको उत्पन्न चमत्कारलाई तलनादि भनिन्छ । य, व, र, ल, श, क्ष, स, हसँग 'र' वर्ण लागेर संयुक्तवर्ण भई काव्यमा चारुता सृजना भएमा रकारादि संयुक्तवर्ण वक्रता भनिन्छ । सार्थक र निरर्थक वर्ण समूह पुनरावृत्ति भई सौन्दर्य उत्पन्न भएमा यमक वक्रता हुन्छ भने स्वर वर्ण फरक भई पुनरावृत्ति भएमा यमकाभास वक्रता हुन्छ । अतः ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको कुलतापूर्वक प्रयोग भई काव्य उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** कोषकाव्य, चारुता, भङ्गीभणिति, राजानक, वक्रता ।

## विषयपरिचय

प्रस्तुत आलेखमा कविशिरोमणि लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्यमा वर्णविन्यासगत

ऋतुविचार खण्डकाव्यमा वक्रोक्ति

वक्रताको विश्लेषण गरिएको छ । जसमा सर्वप्रथम वक्रोक्तिको सामान्य परिचय दिँदै वर्णविन्यास वक्रताको परिचय र यसका प्रकारहरूलाई चिनाउने काम गरिएको छ । साथै एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्णविन्यास वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, रकारादि संयुक्तवर्णविन्यास वक्रता, यमक र यमकाभास वक्रताको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा उक्त काव्यका प्रत्येक ऋतुबाट आवश्यकताअनुसार श्लोकहरूलाई लिइएको छ । यसका अतिरिक्त वर्णविन्यास वक्रताका कुन कुन रूपको बढी र कुन कुन रूपको कम प्रयोग गरिएको छ भन्ने कुरा अध्ययन गरिएको छ । यसका साथै वर्णविन्यास वक्रताले ऋतुविचार खण्डकाव्यमा के कस्तो चामत्कारिक अवस्था सृजना गरी सुन्दरता प्रदान गरेको छ, सो कुराको समेत विश्लेषण गरिएको छ ।

## समस्याकथन

प्रस्तुत लेखमा निम्नलिखित समस्याहरू रहेका छन् :

क) ऋतुविचार खण्डकाव्यमा के कस्ता वर्णविन्यास वक्रताको प्रयोग गरिएको छ ?

ख) ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताका प्रयोगले के कस्तो सुन्दरता प्रदान गरेको छ ?

## लेखको उद्देश्य

ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको अध्ययन गर्नका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) ऋतुविचार खण्डकाव्यमा प्रयुक्त वर्णविन्यास वक्रताको विश्लेषण गर्नु,

ख) ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताले सृजना गरेका सुन्दरताको विश्लेषण गर्नु ।

## अध्ययनविधि

ऋतुविचार खण्डकाव्य (६०६ श्लोक) लाई र कुन्तकको वक्रोक्तिजीवितम् लाक्षणिक ग्रन्थलाई यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने वक्रोक्तिसम्बन्धी टीका, वर्णविन्यासका आधारमा गरिएका अन्य आलेख, समीक्षात्मक लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । साथै व्याख्या विश्लेषणका क्रममा मूलतः निगमनात्मक र आवश्यकता अनुसार आगमनात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

राजानक कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिवादको वर्णविन्यास वक्रता नै यस आलेखको सैद्धान्तिक आधार रहेको छ ।

## ऋतुविचार खण्डकाव्यमा वक्रोक्ति

### वक्रोक्तिको ऐतिहासिक पृष्ठभूमि

वक्रोक्तिकाव्यजीवितम् ग्रन्थमा वक्रोक्ति सिद्धान्तलाई विशद रूपमा चर्चा गरिएको छ । जसमा वक्रोक्तिसम्बन्धी कारिका, वृत्ति र उदाहरणहरू प्रस्तुत गरिएका छन् । उक्त ग्रन्थमा चारवटा उन्मेष वा अध्याय रहेका छन् । जसमध्ये तेस्रो र चौथो उन्मेष केही खण्डित अवस्थामा रहेको छ भने बाँकी दुईवटा पूर्ण रहेका छन् । पहिलो उन्मेषमा काव्यको लक्षण, काव्यको प्रयोजन, वक्रोक्तिको स्वरूप, मार्ग र गुण तथा वक्रोक्तिका छ वटा भेदहरूको सामान्य चर्चा गरिएको छ भने द्वितीय उन्मेषमा वर्णविन्यास वक्रता, पदपूर्वार्ध वक्रता, पदपरार्ध वक्रता र अव्युत्पन्न वक्रताका भेदोपभेदको चर्चा गरिएको छ । यसैगरी तृतीय उन्मेषमा वाक्य वक्रताका भेदहरू सहजा, आहार्य, चेतनवस्तु र अचेतनवस्तु, स्वभाव प्रधान, रस प्रधान र लोकव्यवहार प्रधानको चर्चा गरिएको छ भने चौथो उन्मेषमा प्रकरण वक्रता र प्रबन्ध वक्रताको चर्चा गरिएको छ । यस काव्यमा प्रयुक्त कारिका र वृत्ति कुन्तकका आफ्नै हुन् भने उदाहरणहरू पूर्वाचार्यका कृतिहरूबाट साभार गरिएका छन् ।

वक्रोक्तिवादका प्रवर्तक कुन्तक हुन् । उनले यो सिद्धान्तलाई व्यापक रूपमा अध्ययन गरेर स्थापना गरेका हुन् । यो सिद्धान्त स्थापना गर्दा पूर्ववर्ती आचार्य भामह, दण्डी, वामन, रुद्रट आदि विद्वान्हरूको प्रभाव प्रशस्तमात्रामा ग्रहण गरेका छन् । सर्वप्रथम भरतमुनिका उपमा, रूपक, दीपक, यमक अलङ्कारलाई भामहले उन्चालिसवटा अलङ्कारमा परिणत गरेका हुन् । उनले अतिशयोक्ति सबैभन्दा मूल अलङ्कार हो र त्यो अतिशयोक्ति नै वक्रोक्ति हो भनेका छन् । सबै अलङ्कारको मूलमा वक्रोक्ति रहन्छ, वक्रोक्तिबिना कुनै अलङ्कार सृजना हुँदैन । यसका लागि कविले यत्न गर्नुपर्दछ । पूर्वीय काव्यमान्यतामा भामहदेखि आनन्दवर्धनसम्मका विद्वान्हरूले वक्रोक्तिलाई कसैले विशेषरूपमा र कसैले सामान्य रूपमा मान्दै आएको पाइन्छ । यी आचार्यहरूका सिद्धान्तहरूबाट केही प्रभाव ग्रहण गर्दै आचार्य कुन्तकले आधारभूत सिद्धान्तका रूपमा वक्रोक्तिवादको स्थापना गरेका हुन् । उनले काव्यको आत्मा वक्रोक्ति हो भन्दै वक्रोक्तिको स्थापना गरेका हुन् । यस सिद्धान्तले साहित्यका वर्ण, पद, वाक्य, प्रकरण, प्रबन्ध आदि सबै तहहरूको सूक्ष्म रूपमा विश्लेषण गर्दछ । कारण उनले रस, अलङ्कार, रीति, गुण, ध्वनिलाई वक्रोक्ति भित्रै समेटेका छन् । जसका कारण उनको यो सिद्धान्त नवीन, व्यापक, समन्वयात्मक र महत्त्वपूर्ण रहेको छ । यो सिद्धान्तको उत्तरवर्ती आचार्यहरूले धेरथोर मात्रामा ग्रहण गरेका छन् ।

### वक्रोक्ति उत्तर अवस्था

एघारौं शताब्दीको पूर्वार्धमा कुन्तकले वक्रोक्तिवादको स्थापना गरेपछि केही आचार्यहरूले यसलाई समर्थन गर्दै अगाडि बढे भने केही आचार्यहरूले यसको विरोध गरेको पाइन्छ । कुन्तकले माने जस्तो काव्यको सर्वस्वचाहिँ कसैले पनि मानेको पाइँदैन । सर्वप्रथम ध्वनिविरोधी आचार्य महिम भट्टले वक्रोक्तिको विरोध गरेका छन् । उनले ध्वनिकै समान वक्रोक्तिका पनि भेद उपभेद रहेका र उदाहरण पनि तिनै दिइएका हुँदा वक्रोक्तिलाई ध्वनिसिद्धान्तकै अर्को रूप मानेका छन् । अतः ध्वनि जस्तै वक्रोक्ति पनि अनुमितिमा समाहित हुने कुरा बताएका छन् । उनी भन्छन् : ध्वनिवदेषापि वक्रोक्तिरानुमानिकम् ।

(व्यक्तिविवेक, १ / ७०) त्यसपछि आचार्य भोज देखा पर्दछन् । उनी सम्पूर्ण काव्यलाई वक्रोक्ति, रसोक्ति र स्वभावोक्ति गरी तीन भागमा विभाजन गर्न पुग्दछन् । यी तीनमध्ये रसोक्तिलाई बढी महत्त्व दिन्छन् । यसबाट पनि उनी वक्रोक्तिभन्दा रस महत्वपूर्ण हो भन्ने मान्दछन्, यो कुरा प्रमाणित हुन पुग्दछ । भोजका भनाइलाई उद्धृत गर्दै बराल भन्छन् :

वक्रोक्तिश्च रसोक्तिश्च स्वभावोक्तिश्च वाङ्मयम् ।

सर्वासु ग्राहिणतासुरसोक्ति प्रतिजानिते ॥ (बराल, २०५५, पृ. ७३६)

त्यसपछि आचार्य विश्वनाथ ध्वनिसम्बन्धी आफ्नो धारणा राख्दछन् : वक्रोक्ति काव्यको आत्मा हो भन्ने वक्रोक्तिजीवितम्को भनाइ बेठिक ठहर्दछ, किनभने वक्रोक्ति वक्र अलङ्कार मात्र हो अर्थात् एतेन वक्रोक्ति काव्यजीवितम् इति वक्रोक्तिजीवितकारोक्तमपि परास्तम् । वक्रोक्तेरलङ्काररूपत्वात् । (विश्वनाथ, १ / २) यसैगरी अन्य आचार्यहरू रुद्रट, मम्मट, अप्ययदीक्षित, जगन्नाथ आदि आचार्यहरूले पनि वक्रोक्तिलाई एउटा अलङ्कारका रूपमा स्वीकार गरेका छन् । नेपाली विद्वान् सोमनाथ सिग्देल वक्रोक्तिसम्बन्धी धारणा राख्ने सन्दर्भमा भन्दछन् : कविले शब्दको उपेक्षा गरी अर्थमामात्र किं वा अर्थको उपेक्षा गरी शब्दमा मात्र कुशलता देखाएर मात्र हुँदैन । दुवैमा वक्रता अर्थात् चमत्कारी पना देखाउन सकेमात्र त्यो रचना काव्य श्रेणीमा पर्दछ । चमत्कारी बनाउनका लागि वक्रोक्ति हुनुपर्दछ । (बराल, २०५५, पृ ७४०) उनका यो भनाइले पनि वक्रोक्तिको महत्तालाई दर्साउँछ । कुन्तकले स्थापना गरेको वक्रोक्ति सिद्धान्त उत्तरवर्ती आचार्यहरूले सामान्यरूपमा लिएको हुँदा सोहीअनुरूप मात्र चल्न सक्यो । यति भएर पनि एक विशिष्ट सिद्धान्तका रूपमा वक्रोक्तिवादी सिद्धान्त स्थापना रहिरहेको पाइन्छ ।

आचार्य कुन्तकको जन्मसमय र जन्मस्थानका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको पाइँदैन । उनी पूर्वका आचार्यहरूले उल्लेख गरेका भनाइहरूलाई आधार मानेर यहाँ अध्ययन गरिएको छ :

## वक्रोक्तिको परिचय

वक्रोक्ति शव्दको व्युत्पादन हेर्ने हो भने वक्र र उक्ति शब्दमा गुण सन्धि भएर बनेको पाइन्छ । वक्र भनेको टेढो, मेढो, घुमाउरो र उक्ति भनेको भनाइ वा कथन हो । यसरी वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ वा टेढोमेढो भनाइ वा कुटिल भनाइ भन्ने रहेको हुन्छ । शास्त्रीय दृष्टिबाट चाहिँ यसको तात्पर्य शास्त्र एवं लोकव्यवहारमा प्रसिद्ध उक्तिभन्दा विलक्षण तथा चमत्कार पूर्ण अर्थ बुझाउनु रहेको हुन्छ । वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिन्छ । (शर्मा, लुइँटेल, २०६३, पृ. ९५) यसलाई अझ व्यापक रूपमा हेर्दा वक्रोक्ति भनेको घुमाउरो वा परिहासपूर्ण, चातुर्यपूर्ण, विनोदात्मक र आह्लादात्मक उक्ति भन्ने बुझिन्छ । साथै वक्रोक्ति नै काव्यको प्राण हो भन्ने ठहर यिनको रहेको छ । (पौडेल, २०६८, पृ. ६०४) यस प्रकार वक्रोक्तिलाई विभिन्न आचार्यहरूले विशेष अर्थमा अर्थ्याएका छन् ।

वक्रोक्ति प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा । कीदृशी वैदग्ध्यभङ्गीभणितिः । वैदग्ध्यं विदग्धभावः कविकर्म कौशलं तस्य भङ्गी विच्छित्तिः, तया भणितिः विचित्रै वाभिध वक्रोक्तिरित्युच्यते ।

(कुन्तक, २०४७, पृ ४८) अर्थात् वक्रोक्ति कथनभन्दा भिन्न प्रकारको विचित्र अभिधा हो । चतुरतापूर्ण कवि कर्मकौशलद्वारा प्रस्तुत गरिएको चारुता वा विच्छिति युक्त उक्ति नै वक्रोक्ति हो ।

कुन्तकले वक्रोक्तिजीवितम्का विभिन्न ठाउँमा आफ्ना केही शब्दहरू पनि प्रयोग गरेका छन् । जसमा वक्र, प्रसिद्ध, चारु, विचित्र, भङ्गी, भणिति जस्ता प्रमुख रहेका छन् । उनले विचित्र अभिधा भनेर वक्रोक्तिलाई विचित्रशैलीको वर्णन गर्ने क्षमता भएको भनेर चिनाएका छन् भने प्रसिद्ध वा लोकव्यवहारको कथनभन्दा यो भिन्न हुने कुरा उनी बताउँछन् । कुन्तकका अनुसार वक्रोक्ति सामान्य किसिमको कथन नभई प्रतिभाशाली कविको रमणीय कथन हो । यसैलाई कविकर्मको कौशल भनिएको हो । जसले शास्त्र वा लोकव्यवहारभन्दा भिन्न भएर विशिष्ट आकर्षण भङ्गीमा सृजना गरी सहृदयलाई आह्लाद प्रदान गर्न सक्दछ । (२०४७, पृ. ६३) यस प्रकार कुन्तक सामान्य कथनभन्दा भिन्न कविकौशलद्वारा प्रस्तुत चामत्कारिक कथन नै वक्रोक्ति हो भन्ने धारणा राख्दछन् । कुन्तक आफ्ना विचारलाई अझ थप्दै प्रसिद्ध कथनभन्दा भिन्न कथनमात्र वक्रोक्तिका लागि पर्याप्त हुँदैन । यसले भावकको मनमा आह्लादकता प्रदान गर्न सक्नु पर्दछ । केवल शब्द क्रीडा र अर्थ क्रीडालेमात्र वक्रोक्ति सम्भव छैन, भावकमा मन प्रसादन गर्ने क्षमता पनि हुनु पर्दछ ।

कुन्तकको विचारअनुसार वक्रोक्तिको प्रमुख आधार कविव्यापार वा कविप्रतिभामा आश्रित कर्म हो, अनि प्रतिभा भनेको पूर्वजन्म र यस जन्मका कर्मको परिपाकद्वारा प्रौढता प्राप्त गरेको अपूर्व कविशक्ति हो अर्थात् प्राक्तनाद्यतनसंस्कार परिपाक प्रौढा प्रतिभा काचिदेव कविशक्तिः ।
(वक्रोक्तिजीवितम् १ / ८) काव्यमा राम्ररी सजाइएका शब्द र अर्थ नै काव्य हुन् अनि तिनमा काव्य वेत्ताहरूलाई आह्लादित गराउने क्षमता हुनु आवश्यक हुन्छ । अर्थात्

शब्दार्थौ सहितो वक्र कविव्यापार शालिनी ।
बन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणि ॥ (वक्रोक्तिजीवितम्, १/ ७)

कुन्तक कविका कर्मलाई बढी महत्व दिने आचार्य हुन् । उनले कविका स्वभावअनुसार काव्यमार्ग तय हुने कुरा उल्लेख गरेका छन् । उनले वक्रोक्तिका सुकुमार, विचित्र र मध्यम गरी तीन मार्ग र हेको कुरा उल्लेख गरेका छन् । मार्ग भनेको पूर्ववर्ती आचार्यहरूले चर्चा गरेको रीति हो । उनी सुकुमार र प्रतिभा भएका कवि सुकुमार मार्गबाट, विचित्र प्रतिभा भएका कवि विचित्र मार्गबाट र दुवै प्रतिभा भएका कवि भए मध्यम मार्गद्वारा काव्यको सृजना गर्दछन् भन्दछन् । कुन्तकले वामन, रुद्रट, दण्डी आदि पूर्वाचार्यहरूका रीतिसम्बन्धी विभाजनलाई अस्वीकार गर्दछन् । उनी देशगत आधारमा साहित्यलाई विभाजन गर्नु सान्दर्भिक न ठहर्ने कुरा बताउँछन् । त्यसैले उनले रीतिलाई मार्ग नामकरण गरी कविका स्वभावअनुसार मार्गको निर्धारण गरेका छन् ।

## वक्रोक्तिका प्रकार

वक्रोक्तिवादका प्रवर्तक कुन्तक हुन् । उनको प्रसिद्ध ग्रन्थ वक्रोक्तिजीवितम् हो । उनले उक्त

## ऋतुविचार खण्डकाव्यमा वक्रोक्ति

काव्यमा वक्रोक्ति सिद्धान्तको विशद चर्चा गर्दै वक्रोक्तिलाई मूलतः छ भागमा विभाजन गरेका छन् । जो यस प्रकार रहेका छन् :

१. वर्णविन्यास वक्रता  २. पदपूर्वार्ध वक्रता  ३. पदपरार्ध वक्रता
४. वाक्य वक्रता  ५. प्रकरण वक्रता  ६. प्रबन्ध वक्रता

### वर्णविन्यास वक्रता

वर्णविन्यास वक्रतालाई एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्व वक्रता, रकारादि संयुक्तवर्ण वक्रता, यमकाभास वक्रता र यमक वक्रता गरी अध्ययन गर्न सकिन्छ ।

### पदपूर्वार्ध वक्रता

पदपूर्वार्ध वक्रता भनेको पदको पूर्वपट्टि प्रयोग भएर काव्यमा चमत्कार प्रदान गर्ने वक्रता हो । यसको सम्बन्ध मूलतः अर्थसँग रहेको हुन्छ । पदपूर्वार्ध वक्रताका रूढिवैचित्र्य वक्रता, पर्याय वक्रता, उपचार वक्रता, विशेषणवैचिय वक्रता, संवृत्तिवैचित्र्य वक्रता, पदमध्यान्तर्भूत प्रत्यय वक्रता, वृत्तिवैचित्र्य वक्रता, भाववैचित्र्य वक्रता, लिङ्गवैचित्र्य वक्रता र क्रियावैचित्र्य वक्रता गरी दस भेद रहेका छन् ।

### पदपरार्ध वक्रता

पदपरार्ध वक्रता भनेको पदका अन्तिम भागमा हुने वक्रता हो । यस भागको प्रत्ययमा वैचित्र्यता भएमा पदपरार्ध वक्रता भनिन्छ । कुन्तकले यसलाई प्रत्यय आश्रित वक्रता भनेका छन् । सुवन्त र तिङन्त पदहरूको प्रत्ययरूप उत्तरार्ध वक्रता नै पदपरार्ध वक्रता हो । (कुन्तक, २०४७, पृ. २७०) पदपरार्ध वक्रतालाई काल, कारक, सङ्ख्या, पुरुष, प्रत्ययमाला र उपग्रह गरी छ भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### वाक्य वक्रता

वाक्य वक्रता भनेको वाक्यमा देखिने वक्रता हो । वर्णनीय पदार्थ रूप वस्तुको उत्कर्षशाली स्वभावभन्दा पनि सुन्दर रूपमा सुन्दर शब्दद्वारा गरिएको वर्णनलाई वाक्य वक्रता भनिन्छ । वाक्य वक्रता पूर्वोक्त पदादि वक्रताभन्दा भिन्न हुन्छ, यसका अनेकौं भेदहरू रहेका छन् । यसमा उपमादि अनेकौं समस्त अलङ्कार वर्ग अन्तर्भूत हुन्छन् । पदार्थ वा वस्तु वाक्य भित्रै समेटिने भएकाले यिनलाई वाक्य वक्रता  भित्रै अन्तर्भूत भएको ठान्न सकिन्छ । (कुन्तक, २०१२, पृ २९३) कुन्तकका भनाइलाई उद्धृत गर्दै ' गुरागाईं भन्दछन् सुन्दर आधारभितिमा अङ्कित चित्रको सौन्दर्यभन्दा पनि भिन्न सहृदयका मनमा आह्लाद उत्पन्न गराउने मार्गस्थ वक्र शब्द गुण र अलङ्कारभन्दा भिन्न काव्य निर्माताको अनिर्वचनीय कौशल नै

वाक्य वक्रता हो । (२०७८, पृ ६३) वाक्य वक्रताका सहजा, आहार्य, चेतनवस्तु, अचेतनवस्तु, रस प्रधान, स्वभाव प्रधान र लोकव्यवहार प्रधान गरी सात प्रकार रहेका छन् ।

**प्रकरण वक्रता**

प्रकरण भनेको एउटा प्रसङ्ग हो । प्रसङ्गलाई एउटा प्रकरण, एउटा विषय र प्रबन्धको एक देश पनि भनिन्छ । कुनै प्रकरणमा आश्रित अथवा विशिष्ट प्रकरणमा निहित काव्यको चमत्कार नै प्रकरण वक्रता हो । प्रकरण विशेषको उत्कर्षबाट सम्पूर्ण प्रबन्ध प्रज्वलित हुँदा प्रकरण वक्रता उत्पन्न हुन्छ (कुन्तक, २०४७ पृ. ४१३) । वस्तुतः प्रबन्ध काव्यको मूल कथा भित्रको अर्को सानो वा प्रासङ्गिक कथा नै प्रकरण हो । मूल कृतिमा यस्ता साना तिना धेरै प्रसङ्ग वा प्रकरणहरू रहेका हुन्छन् । उक्त प्रकरणहरूको सन्तुलित संयोजनबाट मूल काव्यमा परिपुष्टता पुग्न गई कृति उत्कृष्ट बन्न पुग्दछ । प्रकरण वक्रतामा आउने ती प्रसङ्गहरूका पात्रमा केही कलात्मकता प्रदान गरी नवीन प्रसङ्ग पनि थप गरेको पाइन्छ भने कहीँ केही कम पनि गरिएको हुन्छ । साथै केही विकासशील काव्यमा वा पुराण प्रसिद्ध कथामा पनि नयाँपन दिएको पाइन्छ । कुन्तकले प्रकरण वक्रतालाई पात्रप्रवृतिप्रकरण, उत्पाद्यकथालावण्यप्रकरण, उपकार्योपकारकप्रकरण, आवृत्तिप्रकरण, प्रासङ्गिकप्रकरण, रसप्रकरण, अवान्तरवस्तुप्रकरण र गर्भाङ्कप्रकरण र सन्धिविनिवेशप्रकरण वक्रता गरी नौ भागमा विभाजन गरी अध्ययन गरेका छन् ।

**प्रबन्ध वक्रता**

प्रबन्ध काव्यले सबैभन्दा बृहत् काव्यलाई बुझाउँछ । यसभित्र श्रव्य र दृश्य दुवै प्रकारका काव्यहरू पर्दछन् । यसअन्तर्गत महाकाव्य, नाटक र उपन्यास आदि स्थूल आकारका काव्यकृतिहरू पर्दछन् । कुन्तकले प्रबन्ध काव्यलाई सबैभन्दा श्रेष्ठ र यश प्राप्त गर्ने मूल आधार मान्दै यस्ता काव्यमा सबै प्रकारका साहित्यिक सुन्दरता उत्पन्न गर्नु कविको लक्ष्य हुने कुरा बताएका छन् (कुन्तक, २०४७, पृ. ४४१) । वक्रोक्तिका छवटा भेदहरूमध्ये प्रबन्ध वक्रता सबैभन्दा महत्त्वपूर्ण भेद मानिन्छ । वास्तवमा प्रबन्ध वक्रता अङ्गी हो भने वर्णविन्यास वक्रता, पदपूर्वार्ध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता र प्रकरण वक्रता यसका अङ्ग हुन् । शरीर पूर्ण सुन्दरता हुनका लागि सम्पूर्ण अङ्गको समुचित सुन्दरताको आवश्यकता हुन्छ । कुनै पनि अङ्गमा केही कमी कमजोरी भएमा सौन्दर्ययुक्त कहलाइँदैन । अतः काव्य पनि सम्पूर्ण वक्रताहरूको सफल प्रयोगले मात्र प्रबन्ध वक्रताको सुन्दर प्रयोग भई काव्यमा चारुता उत्पन्न हुन्छ । वास्तवमा वक्रोक्तिका कारण काव्यमा पूर्णरूपले चमत्कार सृजना हुनु नै प्रबन्ध वक्रता हो । कुन्तकले प्रबन्ध वक्रतालाई मूलरस परिर्वन, समापन, कथाविच्छेद, आनुषङ्गिकफल, नामकरण, कथासाम्य वक्रता गरी छ तरिकाले वर्गीकरण गरेका छन् ।

## ऋतुविचार खण्डकाव्यमा वक्रोक्ति

### ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रता

कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तको पहिलो भेद वर्णविन्यास वक्रता हो । वर्णविन्यास वक्रतालाई निम्नलिखित तरिकाले अध्ययन गर्न सकिन्छ :

### वर्णविन्यास वक्रता

वर्णहरूको विन्यासबाट सृजना हुने सुन्दरता नै वर्णविन्यास हो । कुशल स्रष्टाले आफ्नो साहित्य सृजना गर्दा समुचित किसिमले वर्णविन्यास चयन गर्दछ । सुन्दर काव्य सृजना गर्न उपयुक्त शब्द चयन हुनु आवश्यक हुन्छ । सहृदयका हृदयमा आह्लाद उत्पन्न हुने गरी विशेष ढङ्गबाट गरिएको वर्णहरूको सन्निवेश नै वर्ण विन्यास वक्रता हो । यो प्राचीन अलङ्कारहरूमा अनुप्रासका नामले प्रसिद्ध छ । (कुन्तक, २०१२, पृ २०६५) यसरी भामहदेखि जगन्नाथसम्मका आचार्यहरूले शब्दालङ्कारभित्र समावेश गरेका अनुप्रास आदि अलङ्कारलाई कुन्तकले वक्रोक्तिमा समावेश गरी अध्ययन गरेका छन् । त्यसकारण शब्दालङ्कारसँग यसको नजिकको सम्बन्ध रहेको पाइन्छ ।

काव्यमा एक, दुई र बहुवर्णहरू व्यवधान वा अव्यवधान पूर्ण रूपमा आवृत्ति हुने, अन्तिम व्यञ्जन वर्णको योग हुने, तलनादि वर्णको द्वित्व हुने, रकारादि वर्णहरू संयुक्त भएर आएको अवस्थामा उत्पन्न भएको वर्णसौन्दर्यलाई वर्णविन्यास वक्रता भनिन्छ । (कुन्तक, २०४७, पृ १६९) वर्णविन्यास वक्रतायुक्त काव्य सृजना गर्दा अनावश्यक वर्णहरू संयोजन गरी काव्य सृजना हुन्छ र काव्य उच्चकोटिको बन्न पुग्दछ भन्ने होइन । काव्यमा व्यक्त गर्न खोजेको कुरा व्यक्त भएन भने वर्ण मिलाएर मात्र वक्रोक्ति रहँदैन । उनले वर्णविन्यास वक्रतामा केही मापदण्ड हुनु आवश्यक हुन्छ भनेका छन् । उनले वर्णविन्यास वक्रता मिलाउने आशयले गर्नु नहुने, असुन्दर वर्णहरूद्वारा सजाइनु नहुने, एउटै वर्ण बारम्बार आवृत्ति हुनु नहुने, नयाँ नयाँ वर्णहरू आवृत्ति गरी सुन्दर तुल्याउनु पर्ने, विषय अनुकूल र स्वभाव अनुसार वर्णयोजना हुनुपर्ने, सन्दर्भ अनुरूप श्रुतिसुखद् र प्रसाद गुणयुक्त वर्णयोजना हुनुपर्ने बताएका छन् । वर्णविन्यास वक्रतामा यी उल्लिखित कुराहरूमा ध्यान दिएर शब्द छनौट गर्नु आवश्यक हुन्छ । वर्णविन्यास वक्रतालाई एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, तलनादि द्वित्व वक्रता, रकारादि संयुक्तवर्ण वक्रता, यमकाभास वक्रता र यमक वक्रता गरी अध्ययन गर्न सकिन्छ ।

### ऋतुविचारमा एकवर्णविन्यास वक्रताको प्रयोग

एकवर्णविन्यास वक्रता भन्नाले कुनै एउटा वर्ण जुनसुकै स्थानमा आवृत्त भएर आउने र काव्यमा सौन्दर्य प्रदान गर्ने प्रक्रियालाई बुझिन्छ । यो वक्रता व्यवधान र अव्यधान गरी दुई प्रकारको हुन्छ । कुनै एउटा वर्ण छोटोछोटो अन्तरालमा पटकपटक आवृत्त भई लय सौन्दर्यको सृजना हुँदा व्यवधानयुक्त एकवर्णविन्यास वक्रता हुन्छ भने कुनै एउटा वर्ण व्यवधानबिना उही क्रममा पटकपटक आवृत्त भई लय सौन्दर्य उत्पन्न हुँदा व्यवधानरहित एकवर्णविन्यास वक्रता हुन्छ । (कुन्तक, २०४७, पृ. १७०)

विनिवेशित, सौन्दर्यधूर्य, शब्दमा व, य वर्णव्यवधान र कज्जल शब्दमा ज्ज वर्णको पुनरावृत्ति अव्यवधान रूपमा पुनरावृत्ति भएको कुरा कुन्तकले बताएका छन् । (शर्मा, २०५०, पृ. १६) यस किसिमका व्यवधान र अव्यवधान दुवै प्रकारका वक्रताबाट काव्यमा शोभाप्रदान गर्दछ । ऋतुविचार खण्डकाव्यमा प्रयुक्त केही उदाहरण :

हलुका लहरी हात गाना कलकल ध्वनि ।
नचरी लाउँदै चल्छन् नदी सागर गामिनी ॥ (४ : ३७)
कोइलीको मिठो बोली बिलायो कालले गरी ।
भ्यागुताको रुखो शब्द बढेको छ घरीघरी ॥ (३ : ७०)

प्रस्तुत पहिलो उदाहरणमा ह ,क, ल, न,ग, वर्णको पुनरावृत्ति तथा दोस्रो उदाहरणमा क, ल, ब, र, घ वर्णको पुनरावृत्ति भई काव्यमा चारुता सृजना भएको छ । जसका कारण उक्त कवितांश वक्रोक्तिका आधारमा सौन्दर्ययुक्त हुन गई सहृदयहृदयहारी बन्न पुगेको छ ।

## ऋतुविचारमा द्विवर्णविन्यास वक्रताको प्रयोग

द्विवर्णविन्यास वक्रता भनेको दुईवटा वर्णहरू एकै साथ दोहोरिने प्रक्रिया हो । यसरी वर्ण दोहोरिँदा केही अन्तरालमा र एकैसाथ आएर दोहोरिने गर्दछन् । कुनै दुई वर्णहरू स्वल्पान्तरमा आवृत्ति भई सौन्दर्य उत्पन्न भएमा व्यवधानयुक्त द्विवर्णविन्यास हुन्छ भने एकैसाथ आवृत्त भएर सौन्दर्य उत्पन्न भएमा व्यवधानर हित द्विवर्णविन्यास वक्रता हुन्छ । (कुन्तक, २०४७, पृ. १७०) कदलदल शब्दमा दल दल शब्द अव्यवधानका उदाहरणमा लिएका छन् भने तालतालीलाई व्यवधानका उदाहरणमा लिएका छन् । यी दुवै प्रकारका वर्णविन्यासले काव्यमा शोभा प्रदान गर्दछ ।

बोलने उडने लाखौं खिलौना काखमा धरी ।
पालुवामा वसन्तश्री खेल खेल्छिन् थरीथरी ॥ (१ : ८२)
लुगामाथि लुगा खाप आगो ताप घरीघरी
'स्यू -स्यू -स्यू' नगरी तेसै के जाला माघको झरी ? (६ : ४३)

प्रस्तुत पहिलो बोलने, खिलौना, खेल, खेल्छिन् लुगा लुगा, घरी घरी, स्यू, स्यू शब्दमा ल्-न, ख्-ल्, ल्-ग्, घ्-र्, स्-य् वर्णको पुनरावृत्ति भई काव्यमा चारुता सृजना भएको छ । जसका कारण उक्त कवितांश वक्रोक्तिका आधारमा सौन्दर्ययुक्त हुन गई सहृदयहृदयहारी बन्न पुगेको छ ।

## ऋतुविचारमा बहुवर्णविन्यास वक्रताको प्रयोग

बहुवर्णविन्यास वक्रता भनेको दुईभन्दा बढी वर्णहरू एकैसाथ दोहोरिने प्रक्रिया हो । यसरी वर्ण दोहोरिँदा केही अन्तरालमा र अन्तरालबिना दोहोरिएर काव्यमा सुन्दरता प्रदान गर्दछन् । यस विषयमा कुन्तक भन्दछन् ससानो अन्तरालमा अनेक वर्णहरू आवृत्त भई सौन्दर्य उत्पन्न हुँदा व्यवधानयुक्त

वर्णविन्यास वक्रता हुन्छ भने व्यवधानबिना सोही क्रममा अनेक वर्णहरूको आवृत्तिबाट उत्पन्न सौन्दर्य चाहिँ व्यवधानरहित वर्णविन्यास वक्रता हुन्छ। (२०४७, पृ. १७०) यी दुवै प्रकारका आवृत्तिबाट काव्यमा चारुता सृजना हुन्छ।

दुःखीका दुःखको याद भयेदेखि अलिकति।
दैवले सब उल्टन्थ्यो तत्कालै सृष्टि पद्धति॥ (५ :७७)
विरही जनको छाती बन्चराले सरी चिरी।
बोल्दछन् मत्त भै तित्रा 'तित्तिरी, तित्तिरी' गरी॥ (३ : ८५)

प्रस्तुत उदाहरणमा दुःखीका दुःखको, तित्तिरी तित्तिरी शब्दमा द, ख्, क्, त्, त्, र् वर्णको एकैसाथ बहुवर्ण पुनरावृत्ति हुन गई काव्यमा चारुता उत्पन्न भई सहृदयहृदयहारी बन्न पुगेको पाइन्छ।

## ऋतुविचारमा वर्गान्तयोगी स्पर्शवर्ण वक्रताको प्रयोगको

वर्गान्तयोगी स्पर्शवर्ण वक्रता भन्नाले आफ्नै वर्गको अन्तिम वर्ण संयुक्त भएर आउने प्रक्रियालाई बुझिन्छ। संस्कृत व्याकरणमा स्पर्शी भन्नाले कदेखि मसम्मका वर्णहरूलाई बुझिन्छ। कवर्ग, चवर्ग, टवर्ग, तवर्ग, पवर्ग, गरी पाँचवटा वर्ग रहेका हुन्छन्। यी वर्गका अन्तिम वर्णहरू ङ, ञ, ण, न, म मिलेर संयुक्त अक्षर बनेर काव्यमा चमत्कार उत्पन्न हुँदा वर्गान्तयोगी स्पर्श वर्णता हुन्छ। पिशङ्गिताङ्गा, गुञ्जन्ति, मञ्जुमञ्जरी, बन्धु, विम्बलाई कुन्तकले यसका उदाहरणका रूपमा लिएका छन्। यस किसिकमका वक्रताबाट पनि काव्यमा चमत्कार उत्पन्न हुने गर्दछ।

हेमन्त सिन्धुमा घुम्दा कुइरो रूप मन्दर।
जगतै कछुवा बन्छ खुम्च्याई अङ्ग जर्जर॥ (५ :३४)
आनन्दी देवतातुल्य चन्द्रका रश्मिजालमा।
पीडका रङ्मा दङ्ग देखिन्छन् सब हालमा॥ (४ : ९१)

प्रस्तुत उदाहरणमा हेमन्त, सिन्धु, घुम्दा, मन्दर, अङ्ग शब्दमा वर्गान्तयोगी स्पर्शवर्ण वक्रता भएको छ। यस किसिमका वर्गको अन्तिम वर्णसँगका वक्रताले काव्यमा सौन्दर्य सृजना हुन गई काव्य आह्लादकारी हुन गई उच्च कोटिको बन्न पुगेको पाइन्छ।

## ऋतुविचारमा तलनादि द्वित्ववर्ण वक्रताको प्रयोग

तलनादि द्वित्ववर्ण वक्रता भन्नाले त, ल, न, वर्णहरूको द्वित्व भई सौन्दर्य उत्पन्न हुने प्रकियालाई बुझिन्छ। तलनादि शब्दले त, ल, न, इत्यादि भन्ने अर्थ दिएको हुन्छ। तल्लय, उत्तम, उन्नति शब्दमा भएको द्वित्वलाई यसका उदाहरणका रूपमा लिन सकिन्छ। कुन्तकले प्रथममरुणच्छायलाई पनि तलनादिका उदाहरणका रूपमा लिएका छन्। यस किसिमका वक्रताबाट पनि काव्यमा चमत्कार उत्पन्न हुन्छ।

पुन्नाग, कामिनी, कीप, कल्की, बकुल, मालती ।
साराको भिन्न भिन्नै छ वासना 'रूप' आकृति ॥ (१ : ३०)
छिन्न भिन्न गऱ्यो मैला भलले मार्ग बेसरी ।
पाखण्डी लतले हाम्रो राम्रो वेदपथै सरी ॥ (३ : ६१)

प्रस्तुत उदाहरणमा पुन्नाग, भिन्न भिन्नै, छिन्न, भिन्न शब्दमा न् वर्णको द्वित्व भई प्रयोग भएको हुँदा श्रुतिमधुरता उत्पन्न हुन गई काव्यांशमा पृथक् किसिमको चमत्कार सृजना भएको छ । जसका कारण काव्य सहृदयहृदयहारी भई उच्च कोटिको बन्न पुगेको पाइन्छ ।

## ऋतुविचारमा रकारादि संयुक्तवर्ण वक्रताको प्रयोग

रकारादि संयुक्तवर्ण वक्रता भन्नाले य, र, ल, व, श, क्ष, स, ह वर्णहरूसँग र वर्ण संयुक्त रूपमा आएर वक्रता हुने प्रक्रियालाई बुझिन्छ । स्पर्शीवर्ण र तलनादि द्वित्व वर्णहरू बाहेकका अन्य वर्णहरू रकारसँग संयुक्त रूपमा आउँदा उत्पन्न हुने चमत्कारलाई रकारादि संयुक्त वर्णविन्यास वक्रता भनिन्छ । (कुन्तक, २०१२, पृ. १७४) कुन्तकले सौन्दर्य धूर्य शव्दमा प्रयुक्त र्य वर्णहरूलाई यसका उदाहरणका रूपमा लिएका छन् ।

बर्बर्र लतावृक्षलावा झैँ फूल छर्दछन् ।
पुतली नर्तकी तुल्य नाचदै अघिसर्दछन् । (१ : ९)
लिई सौन्दर्य माधुर्य सौकुमार्य थपी वहाँ ।
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहो ! (१ : ३७)

प्रस्तुत उदाहरणमा बर्बर्र, सौन्दर्य, माधुर्य, सौकुमार्य शब्दमा र् वर्णको संयुक्तवर्ण भई प्रयोग भएको हुँदा काव्यमा पृथक् किसिमको चमत्कार सृजना भएको छ । जसका कारण काव्य सहृदयहृदयहारी बन्न गई काव्य उच्च कोटिको बन्न पुगेको पाइन्छ ।

## ऋतुविचारमा यमक तथा यमकाभास वक्रताको प्रयोग

यमक वक्रता भन्नाले सार्थक वा निरर्थक पदसमूहको पुनरावृत्ति हुने प्रक्रिया हो । समान वर्ण भएका तर भिन्न अर्थ भएका प्रसाद गुणयुक्त श्रुतिरम्य र औचित्य पूर्ण ढङ्गबाट निश्चित स्थानमा शोभित हुने यमक पनि वर्णविन्यास वक्रताकै एउटा प्रकार हो । (कुन्तक, २०४७, पृ. १८९) यस किसिमको यमक वक्रतामा दुई व दुईभन्दा बढी अक्षर सार्थक वा निरर्थक रूपमा पुनरावृत्ति हुनेगर्दछ । यसबाट पनि काव्यमा विशेष किसिमले काव्यशोभा प्रदान गर्दछ । यमकाभास वक्रता भन्नाले स्वरवैषम्य अर्थात् स्वर समान नरही व्यञ्जन वर्णहरू आवृत्ति भएर यमक वक्रताको आभास भएमा यमकाभास वक्रता हुन्छ । कुन्तकले भिन्न अर्थका वर्णहरू सर्वथा समान नभई केही भिन्न भएमा अर्थात् स्वर वैषम्यका कारण यमक जस्तो आभास उत्पन्न हुने भएमा त्यसलाई यमकाभास वक्रता भनिन्छ भनेका छन् ।

उता गोदावरी जम्मै फुलेर ढकमक्क छ ।
यता सरम नेवारी त्यो देखी अकमक्क छ ॥ (४ : ८५)
जसरी पिङ मच्चिन्छ हिन्दूजाति उसै गरी ।
विश्वमा मच्चिँदै घुम्थ्यो जयका जमरा धरी ॥ (४ : ९४)

प्रस्तुत उदाहरणमा (ढ) कमक्क, (अ) कमक्क शब्दमा पहिलो शब्द फुल्ने अर्थमा र दोस्रो छक्क पर्ने भन्ने अर्थमा आएको हुँदा यमक र दोस्रो उदाहरणमा मच्चिन्छ, मच्चिँदै भन्ने शब्दमा पहिलोमा हल्लिनु र दोस्रोमा सानसँग घुम्थ्यो भन्ने अर्थ आए पनि यी दुई शब्दका अन्तिम स्वरमा अकार र इकार अवैषम्य रहेको हुँदा यमकाभास वक्रता उत्पन्न हुन गई काव्यमा चारुता सृजना हुन पुगेको पाइन्छ ।

## निष्कर्ष र उपलब्धि

वर्णविन्यास वक्रताका दृष्टिले ऋतुविचार खण्डकाव्य विशिष्ट किसिमको देखिन्छ । वक्रताका अन्य आधारमा त्यति विशेष किसिमको नदेखिए पनि वर्णविन्यासका आधारमा सफल खण्डकाव्य भएको अध्ययनले देखाएको छ । जीवनका एक खण्डको वर्णन गरिनुपर्ने खण्डकाव्यमा प्रकृतिका एक वर्षलाई दुईदुई महिनाको एक ऋतु बनाई क्रमशः वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर गरी छ वटा ऋतुको वर्णन गरिएको छ । प्रकृतिकाव्यका रूपमा रहेको ऋतुविचार खण्डकाव्यका प्रत्येक ऋतुहरूमा उक्त समयमा हुने राम्रा गुण र नराम्रा अवगुणको जीवन्त चित्रण गरेको पाइन्छ । पात्रको चरित्र आदि नभएको हुँदा समय नै यसको आख्यान रहेको छ । जीवन र जगत्का विभिन्न पक्षहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्दै उपयुक्त दृष्टान्त दिएको पाइन्छ । सन्तुलित रूपमा अध्याय विभाजन गर्दै प्रत्येक ऋतुमा एक सय छ श्लोक राखिएको छ भने प्रत्येक ऋतुमा अनुष्टुप् छन्दका एक सय श्लोक र एकएक वटा मालिनी छन्दको प्रयोग गरिएको छ ।

वर्णविन्यास वक्रता मूलतः काव्यको बाहिरी पक्षसँग सम्बद्ध चमत्कार सृजना गर्ने काव्यको आभूषण हो । यसले बाह्यपक्षका विभिन्न क्षेत्रमा केन्द्रित रहेर काव्यलाई सुन्दरता प्रदान गर्ने गर्दछ । ऋतुविचार खण्डकाव्यलाई वर्णविन्यास वक्रताका आधारमा अध्ययन गर्दा एकवर्णविन्यास वक्रताको अधिकमात्रामा प्रयोग भएको पाइएको छ भने सबै भन्दा कम यमक वक्रताको प्रयोग भएको पाइएको छ । वर्णविन्यास वक्रताका चामत्कारिक प्रयोगले काव्यमा श्रुतिमधुरता र चारुता सृजना भएर काव्य आह्लादकारी बन्न पुगेको छ । अर्कातर्फ यस काव्यमा प्रयुक्त विषयवस्तु वर्ष दिनको रहेको र छोटा अनुष्टुप् छन्द प्रयोग गरी प्रस्तुत गरिएको हुँदा सरल र सहज रहेको छ । जसलाई वर्णविन्यासका सातैवटा प्रकारको सन्तुलित प्रयोगले काव्य उच्च कोटिको बन्न पुगी नेपाली जनमानसमा लोकप्रिय बन्न पुगेको पाइन्छ । समग्रमा वर्णविन्यास वक्रोक्तिको सन्तुलित प्रयोग भई समग्र नेपाली काव्यजगत्मा ऋतुविचार खण्डकाव्य उच्च कोटिको बन्न पुग्नु यसको महत्त्वपूर्ण उपलब्धि हो ।

**सन्दर्भसामग्री सूची**


अधिकारी, गङ्गाप्रसाद. (२०७३) तरुणतपसी नव्यकाव्यमा वक्रोक्ति, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिकशास्त्र सङ्काय. त्रि. वि. ।

अवस्थी, महादेव. (२०५५) वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग, गरिमा. १६ : १२. २०५५ पृ. ५०-५६ ।

उपाध्याय, केशवप्रसाद. (२०४८) पूर्वीय साहित्य सिद्धान्त, (दोस्रो संस्करण..), काठमाडौँ : साझा प्रकाशन ।

कुन्तक, (२०४७) वक्रोक्तिजीवितम्, (टीकाकार आचार्य राधेश्याम मिश्र), वाराणसी : चौखम्बा ।

कुन्तक, (सन् २०१२) वक्रोक्तिजीवितम्, (टीकाकार : आचार्य विश्वेश्वर), दिल्ली : रामपुरी ।

खनाल, श्यामप्रसाद. (२०६७) नेपाली कवितामा वाक्य वक्रता : एक दिग्दर्शन, ऋतम्भरा. ११ : १४. ११२-१२२ ।

गुरागाईं, यज्ञप्रसाद. (२०७८) ईश्वरबल्लभका फुटकर कवितामा वक्रोक्ति अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

जोशी, कुमारबहादुर. (२०४३) देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, केशव.(२०६२) राष्ट्रनिर्माता खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग, सम्प्रेषण २, पृ. १०८ - ११४ ।

पौड्याल, लेखनाथ. (२०६०) ऋतुविचार, (एक्काइसौँ संस्करण) काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, ऋषिराम. (२०६९) भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता, एम. फिल. शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रि. वि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. ( २०५२) शोधविधि, ललितपुर : साझा प्रकाशन.।